# सिद्धार्थनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, सिद्धार्थनगरको

### विज्ञापन कर संकलन सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति : २०७८/११/२२

स्थानिय सरकार संचालन ऐन २०७४, विज्ञापन कर नियमावली २०७६ को नियम ५५ एवं सिद्धार्थनगर नगरपालिकाको आर्थिक ऐन २०७८, बमोजिम **सिद्धार्थनगर नगरपालिका नगर क्षेत्र भित्र विभिन्न स्थानहरुमा व्यापारिक प्रयोजनका लागी राखिएको विज्ञापन सामग्री ( होर्डिङ्ग बोर्ड, ग्लो साइन बोर्ड, फलेक्स बोर्ड, डिजिटल बोर्ड, व्यानर जस्ता विज्ञापनका लागि प्रयोग गरिने सामग्रीहरु)** हरुको कर संकलन गर्ने कार्य ठेक्काबाट गर्नु/गराउनु पर्ने भएकोले आर्थिक वर्ष **२०७८/०७९ देखि आ.व.२०८०/०८१ सम्म** (२०७९ साल वैशाख महिना देखि २०८१ साल असार मसान्त )सम्मका लागी रु.८२,७५,०००।०० (अक्षरेपी रु.बयासी लाख पचहतर हजार मात्र) रकममा (मुल्य अभिवृद्धि कर बाहेक) नघट्ने गरी इच्छुक व्यक्ति वा फर्मले मुल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भई नविकरण भएका प्रमाणपत्रका प्रतिलिपि तथा नेपाली नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी आफुले ठेक्का लिन चाहेको अङ्क खोली देहायको शर्तको अधिनमा रही रितपुर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

**<u>वार्षिक न्युनतम ठेक्का अंक</u>**

| आ.व. | वार्षिक ठेक्का अंक रु. |
|---|---|
| २०७८/०७९ | रु.२५,००,०००।०० |
| २०७९/०८० | रु.२७,५०,०००।०० |
| २०८०/०८१ | रु.३०,२५,०००।०० |
| जम्मा न्युनतम ठेक्का अंक | रु.८२,७५,०००।०० |

<u>शर्तहरुः-</u>

१) बोलपत्र फाराम र शर्तहरुको सुची यस कार्यालयको राजश्व शाखाबाट रु.३,०००।०० ( पछि फिर्ता नहुने गरी ) तिरी खरिद गर्न सकिने छ।

२) बोलपत्रदाताले निवेदन दस्तुर वापत रु.१०।०० (दश रुपैयाँ) नगद सहित कबोल गर्ने कुल रकमको पाँच प्रतिशत (५%) रकम यस कार्यालयको कृषि विकास बैंक लि., शाखा कार्यालय सिद्धार्थनगर स्थित धरौटी खाता नं. (ग-३)०४-१४६-०११४५६३४-०३-८ मा जम्मा गरेको सक्कल बैंक भौचर/नगद वा ने.रा. बैंक बाट मान्यता प्राप्त बैंकको ७५ दिनको म्याद भएको बिडबण्ड पेश गर्नु पर्नेछ।

३) यस नगर क्षेत्र भित्र स्थायी ठेगाना भएका फर्मवाला बोलपत्रदाताहरुले अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ। नगर क्षेत्र भन्दा बाहिर

तुल्सीराम गरासिनी
प्रमुख प्रशासकीय अधिकृत

स्थायी ठेगाना भएका फर्महरुको हकमा चालु वर्षको व्यवसाय कर दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

४) बोलपत्र स्वीकृतीको सुचना पाएको वा घरदैलोमा सुचनम टाँस भएको मितिले सात (७) दिन भित्र प्रथम वर्षको ठेक्का अङ्कको प्रथम किस्ता रकम र १३% मुल्य अभिवृद्धी कर समेत दाखिला गर्नु पर्नेछ । सोही अनुसार शर्तमा तोकिए बमोजिमको समयमा बाँकि किस्ता रकम जम्मा गर्दा १३% मुल्य अभिवृद्धी कर समेत दाखिला गर्नु पर्नेछ । बाँकी किस्ताको लागी ठेक्का अवधीभर मान्य अवधी रहेको बैंक ग्यारेण्टी पेश गरी पट्टा उठाउनु पर्नेछ । तोकेको म्याद भित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत हुनेछ ।

५) बोलपत्र खरीद गर्ने अन्तिम मिति, समय र स्थान :-

क) प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३० औं दिन (मिति २०७८/१२/२१ गते) कार्यालय समय भित्र र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र सिद्धार्थनगर नगरकार्यपालिकाको कार्यालय, राजश्व शाखाबाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ ।

६) बोलपत्र दर्ता गर्ने अन्तिम मिति, समय र स्थान :-

क) प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१ औं (मिति २०७८/१२/२२ गते) दिनको १२:०० भित्र र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट सोही समय भित्र, सिद्धार्थनगर नगरकार्यपालिकाको कार्यालयमा बोलपत्र दर्ता गर्न सकिनेछ ।

७) बोलपत्र खोलिने स्थान, मिति र समय :-

क) सिद्धार्थनगर नगरकार्यपालिकाको कार्यालयमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन (मिति २०७८/१२/२२ गते र सो दिन सार्वजनिक बिदा परेमा सोको लगतै पछि कार्यालय खुलेको दिनको ०१:०० बजे बोलपत्र खोलिनेछ ।

ख) दर्ता भएका बोलपत्रहरु बेलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८) कार्यालयबाट बिकी नभएको, दस्तखत नभएको र शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

९) नगरपालिकाले तोकेको दररेटमा तथा तोकेको स्थानमा मात्र ठेकेदारले विज्ञापन कर संकलन गर्न पाउने छ ।

१०) रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११) बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२) यसमा नपरेका अन्य कुराहरु सम्झौताका साथै प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१३) व्यक्तिको हकमा टेण्डर स्वीकृत भए पछि सम्झौता गर्न आउँदा मुल्य अभिवृद्धी करमा दर्ता गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

१४) यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत